# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४५) काठमाडौं, साउन १५ गते २०५२ साल (संख्या १६


## भाग ३

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल न्याय सेवा (गठन, समूह तथा श्रेणी विभाजन, नियुक्ति, सरुवा र बढुवा) नियमहरू, २०५१ को नियम २६ ले दिएको अधिकार प्रयोग गरी सोही नियमहरूको अनुसूची ३ को खण्ड (क) को उपखण्ड ६ मा देहायको पद थप गरेको छ ।

"तामेल्दार"

आज्ञाले,
वेदव्यास क्षेत्री
श्री ५ को सरकारको सचिव


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## उद्योग मन्त्रालयको सूचना

श्री ५ को सरकारले स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ को दफा १ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी बहुमूल्य रत्नहरुको खरीद बिक्री लेनदेनको कारोबारमा बाहेक सबै कारोबार र माल सामानका सम्बन्धमा उक्त ऐन कर्णाली अञ्चलको जुम्ला जिल्लामा लागू हुने गरी तोकेको छ।

आज्ञाले,
डा. भोलानाथ चालिसे
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## आवास तथा भौतिक योजना मन्त्रालयको सूचना

नगर विकास ऐन, २०४५ को दफा ४ को उपदफा ४.१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायबमोजिमका पदाधिकारी रहने गरी सुनसरी जिल्लाको इटहरी गाउँ विकास समिति, हाँसपोसा गाउँ विकास समिति, पकली गाउँ विकास समितिको वडा नं. ६, एकम्बा गाउँ विकास समितिको वडा नं. ३ र ४ तथा खनार गाउँ विकास समितिको वडा नं. ३ को क्षेत्रमा इटहरी नगर विकास समिति गठन गरेको छ।

१. नगर विकास समितिको गठन :–

(क) अध्यक्ष, श्री प्रमोदकुमार श्रेष्ठ, इटहरी गाउँ विकास समिति सुनसरी – अध्यक्ष

(ख) श्री रामप्रसाद चौलागाई, इटहरी गाउँ विकास समिति वडा नं. ५ सुनसरी – सदस्य

(ग) श्री सर्वध्वज सांवा, इटहरी गाउँ विकास समिति वडा नं. ४ सुनसरी –सदस्य

(घ) अध्यक्ष श्री द्वारीकालाल चौधरी, हाँसपोसा गाउँ विकास समिति – सदस्य

(ङ) उपाध्यक्ष श्री टंक पोखरेल, हाँसपोसा गाउँ विकास समिति – सदस्य

(च) श्री रमेश विष्ट, इटहरी गाउँ विकास समिति वडा नं. ४ – सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
462

(छ) श्री टेकनाथ, दाहाल इटहरी गाउँ विकास समिति वडा नं. १ – सदस्य

(ज) प्रतिनिधि (अधिकृत स्तर), जिल्ला प्रशासन कार्यालय, सुनसरी – सस्वय

(झ) प्रतिनिधि (अधिकृत स्तर), मालपोत कार्यालय, सुनसरी – सदस्य

(ञ) प्रतिनिधि (प्रा अधिकृत स्तर), जिल्ला सडक कार्यालय, सुनसरी – सदस्य

(ट) प्रतिनिधि (प्रा. अधिकृत स्तर), जिल्ला खानेपानी कार्यालय, सुनसरी – सदस्य

(ठ) प्रतिनिधि (प्रा. अधिकृत स्तर,) जिल्ला वन कार्यालय, सुनसरी – सदस्य

(ड) प्रतिनिधि (प्रा. अधिकृत स्तर), नेपाल विद्युत प्राधिकरण धरान शाखा, सुनसरी – सदस्य

(ढ) प्रतिनिधि (प्रा. अधिकृत स्तर), जिल्ला भवन कार्यालय, सुनसरी, इनरुवा सदस्य-सचिव

२. मनोनीत पदाधिकारीको कार्यकाल २ वर्षको हुनेछ।

आज्ञाले,
शम्भुशरणप्रसाद कायस्थ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार
963

# भाग ४

## श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारको मिति २०५१।१२।२१ को निर्णयानुसार देहायका व्यक्तिहरूलाई नेपाल संसद सेवा, प्रशासन समूहको राजपत्रांकित तृतीय श्रेणीको देहाय बमोजिमको पदमा एक वर्षको परीक्षणकालमा रहने गरी २०५१।१२।२१ देखि लागू हुने गरी नियुक्त गरी संसद सचिवालयमा पदस्थापन समेत गरिएको छ ।

| क.सं. | नाम, थर | पदस्थापन भएको पद |
|---|---|---|
| १. | श्री भरतराज गौतम | शाखा अधिकृत |
| २. | श्री केशवप्रसाद विमली | " " |
| ३. | सुश्री यामकुमारी खतिवडा | " " |
| ४. | श्री दीपकराज नेपाल | " " |
| ५. | श्री जीवराज बुढाथोकी | " " |
| ६. | श्री युवराज पौडेल | " " |
| ७. | श्री रामप्रसाद मैनाली | " " |
| ८. | श्री कृष्णहरि खड्का | " " |
| ९. | श्री गणेशप्रसाद पाण्डेय | रिपोर्टर |
| १०. | श्री रामप्रसाद पाण्डे | " |
| ११. | श्री सुरेन्द्र थापा | " |
| १२. | श्री ज्ञानप्रसाद ढकाल | " |
| १३. | श्री रमेश मैनाली | " |
| १४. | श्री सुशील वैद्य | " |
| १५. | श्री ध्रुवप्रसाद घिमिरे | " |
| १६. | श्री विष्णुबहादुर अधिकारी | " |
| १७. | श्री कृष्णप्रसाद पन्थ | " |
| १८. | श्री विष्णुप्रसाद रेग्मी | " |
| १९ | श्री चन्द्रप्रसाद फुयाँल | " |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| २०. | श्री कमलप्रसाद शर्मा तिमिल्सिना | रिपोर्टर |
| २१. | श्री भीमप्रसाद गौतम | " |
| २२. | श्री पुण्यविक्रम पौडेल | " |
| २३. | श्री तेजबहादुर थापा क्षेत्री | " |
| २४. | श्री सुदर्शन खड्का | " |
| २५. | श्री महेशकुमार भेटवाल | " |
| २६. | श्री वेगेन्द्रराज शर्मा पौड्याल | " |
| २७. | श्री गान्धीप्रसाद सुवेदी | " |

## सूचना २

श्री ५ को सरकारको मिति २०५२।१।८ को निर्णयानुसार देहायका राजपत्र अनंकित प्रथम श्रेणीका कर्मचारीहरूलाई नेपाल संसद सेवा, प्रशासन समूहको राजपत्रांकित तृतीय श्रेणीको देहायबमोजिमको पदमा मिति २०५२।१।८ देखि लागू हुने गरी बढुवा नियुक्त गरी संसद सचिवालयमा पदस्थापन समेत गरिएको छ ।

| क्र.सं. | नाम, थर | साविक पद र कार्यालय | हाल पदस्थापन भएको पद |
|---|---|---|---|
| १. | श्री केशवप्रसाद शर्मा आचार्य | नायब सुब्बा, संसद सचिवालय । | शाखा अधिकृत |
| २. | श्री शालिकराम आचार्य | " " | " |
| ३. | श्री मुरारी महत | " " | " |
| ४. | श्री आनन्दप्रसाद अधिकारी | टाइपिष्ट ना.सु. | " |
| ५. | श्री केदारबहादुर थापा | नायब सुब्बा, संसद सचिवालय । | " |
| ६. | श्री शान्तकुमार तुलाधर | टाइपिष्ट ना.सु. संसद सचिवालय | " |
| ७. | श्री हिराकाजी तण्डुकार | नायब सुब्बा, संसद सचिवालय | रिपोर्टर |
| ८. | श्री मदनबहादुर ठकुरी | टाइपिष्ट ना.सु. संसद सचिवालय | " |
| ९. | श्री शेरलाल श्रेष्ठ | " " | " |

आज्ञाले,
बाबुराम रेग्मी
उप-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

962

## श्री ५ को सरकार
## गृह मन्त्रालयको

### सूचना १

जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकका प्रमुख जिल्ला अधिकारी श्री शंकरप्रसाद पाण्डे मिति २०५२।१।१५ देखि भैपरी बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री भगवान श्रेष्ठलाई मिति २०५२।१।१४ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ ।

### सूचना २

जिल्ला प्रशासन कार्यालय, उदयपुरका प्रमुख जिल्ला अधिकारी श्री रामेश्वर प्रसाद घिमिरे मिति२०५२।१।३ देखि मन्त्रालयमा हाजिर हुने काज स्वीकृत भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री चेतनारायण शर्मालाई मिति २०५२।१।१४ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ ।

### सूचना ३

जिल्ला प्रशासन कार्यालय, तनहुँका प्रमुख जिल्ला अधिकारी श्री नरेन्द्रराज पौडेल मिति २०५२।१।७ देखि घर बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री क्षेत्रबहादुर भण्डारीलाई मिति २०५२।१।१६ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ।

### सूचना ४

जिल्ला प्रशासन कार्यालय, पर्सा (विरगन्ज) का प्रमुख जिल्ला अधिकारी श्री छविराज पन्तको मिति २०५२।१।७ देखि २०५२।१।१८ सम्म काज स्वीकृत भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री श्रोमप्रसाद गौतमलाई मिति २०५२।१।१८ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ।

## सूचना ५

जिल्ला प्रशासन कार्यालय, सोलुखुम्बुका प्रमुख जिल्ला अधिकारी श्रीमती उषा नेपाल मिति २०५२।१।१४ र १५ गते २ दिन भैपरी बिदामा बस्नु भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री हिमनाथ दवाडीलाई मिति २०५२।१।१२ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ।

## सूचना ६

जिल्ला प्रशासन कार्यालय, सिन्धुलीका प्रमुख जिल्ला अधिकारी श्री नेत्रबहादुर कार्की मिति २०५२।१।१७ देखि ६ दिन पर्व बिदामा बस्नु भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री एकेश्वर रेग्मीलाई मिति २०५२।१।१२ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ

## सूचना ७

जिल्ला प्रशासन कार्यालय, मकवानपुरका प्रमुख जिल्ला अधिकारी श्री देविन्द्र बहादुर सिंह मिति २०५२।१।२४ देखि घरबिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, पर्साका सहायक प्रमुख जिल्ला अधिकारी श्री श्रोमप्रसाद गौतमलाई मिति २०५२।१।१८ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१६८

## सूचना ८

जिल्ला प्रशाशन कार्यालय, दार्चुलाका प्रमुख जिल्ला अधिकारी श्री दीपक कुमार जोशी मिति २०५२।१।२४ देखि ६ दिन घरबिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, बैतडीका सहायक प्रमुख जिल्ला अधिकारी श्री राधाकृष्ण शर्मालाई मिति २०५२।१।१८ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ९

जिल्ला प्रशासन कार्यालय, लमजुङका प्रमुख जिल्ला अधिकारी श्री प्रेमप्रसाद शर्मा सापकोटा मिति २०५२।१।२० देखि भैपरी बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री सूर्यप्रसाद भट्टराईलाई मिति २०५२।१।१८ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ ।

## सूचना १०

जिल्ला प्रशासन कार्यालय, सुनसरीका प्रमुख जिल्ला अधिकारी श्री ललित बहादुर थापा मिति २०५२।१।२४ देखि भैपरी बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री देवनारायण यादवलाई मिति २०५२।१।२० को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ११

जिल्ला प्रशासन कार्यालय, रसुवाका प्रमुख जिल्ला अधिकारी श्री विष्णुराज कुसम मिति २०५२।१।२७ देखि घरबिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री विश्वनाथ उप्रेतीलाई मिति २०५२।१।२१ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ ।

## सूचना १२

जिल्ला प्रशासन कार्यालय, रूपन्देहीका प्रमुख जिल्ला अधिकारी श्री कृष्णमुरारी शर्मा मिति २०५२।१।२६ गतेदेखि पर्व बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री बैकुण्ठबहादुर अधिकारीलाई मिति २०५२।१।२४ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
कोषकुमार नेम्वाङ
कानून अधिकृत

# महालेखा परीक्षकको विभागको

## सूचना १

लेखापरीक्षण सेवाका राजपत्राङ्कित तृतीय श्रेणीका देहायका लेखापरीक्षण अधिकारीहरूलाई सोही सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको निर्देशक पदमा मिति २०५२।३।१३ देखि जेष्ठता कायम हुने गरी बढुवा नियुक्ति गर्न श्री ५ को सरकारको मिति २०५२।३।१३ को निर्णयानुसार स्वीकृति प्राप्त भएकोले महालेखा परीक्षकले बढुवा नियुक्ति गरेको छ ।

१. श्री आनन्दवल्लभ पाण्डेय
२. श्री गुणराज श्रेष्ठ
३. श्री दिवाकर आचार्य
४. श्री दिलबहादुर वासुकला
५. श्री भद्रेश्वरप्रसाद उपाध्याय



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

965

## सूचना २

लेखापरीक्षण सेवाका राजपत्रांकित द्वितीय श्रेणीका निर्देशक श्री बच्चुराम दाहाललाई सोही सेवाको राजपत्रांकित प्रथम श्रेणीको नायब महालेखा परीक्षक पदमा मिति २०५२।३।१३ देखि जेष्ठता कायम हुने गरी बढुवा नियुक्ति गर्न श्री ५ को सरकारको मिति २०५२।३।१८ को निर्णयानुसार स्वीकृति प्राप्त भएकोले महालेखा परीक्षकले बढुवा नियुक्ति गरेको छ ।

आज्ञाले,
विष्णु बहादुर के.सी.
का.मु. उप-महालेखा परीक्षक



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार